# नरहरिनाथ गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड-१ कालीकोट चैत्र २५ गते २०७४ साल (अंक १)
नरहरिनाथ गाउँपालिकाको गाउँसभाबाट स्वीकृत मिति २०७४/१२/०५
प्रमाणिकरण २०७४/१२/१९ प्रकाशन २०७४/१२/०५

## भाग-१
## नरहरिनाथ गाउँपालिका
## कुमालगाउँ, कालीकोट
## कर्णाली प्रदेश

नेपालको संविधानको धारा २२६ को उपधारा १ बमोजिम नरहरिनाथ गाउँपालिका गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको "**स्वास्थ्य सेवा ऐन**" सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**प्रस्तावना**ः नरहरिनाथ गाउँपालिकालाई स्वस्थ्य बनाउन बाञ्छनिय भएकाले "नेपालको संविधान २०७२ को धारा २२६ को उपधारा १ "स्थानीय सरकार सञ्चालन ऐन को दफा १०२ वमोजिम नरहरिनाथ गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ । यो स्वास्थ्य सेवा ऐन राजपत्रमा प्रकाशित भएको मितिबाट लागु हुने छ ।

# नरहरिनाथ गाउँपालिकाको स्वास्थ्य सेवा ऐन, २०७४

सभाबाट स्वीकृत मिति :- २०७४।१२।५

**प्रस्तावना:**

नरहरिनाथ गाउँपालिकालाई स्वस्थ्य बनाउन बाञ्छनिय भएकाले "नेपालको संविधान २०७२ को धारा २२०, अनुसूची ८ को सूची नं. ८ " तथा "स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ वमोजिमगाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद - एक
## प्रारम्भिक

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः**

(क) यस ऐनको नाम "गाउँपालिका स्वास्थ्य ऐन, २०७४" रहेको छ ।

(ख) यो ऐनगाउँपालिका भर लागू हुनेछ ।

(ग) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "स्वास्थ्य ऐन" भन्नाले गाउँपालिकाले बनाएको स्वास्थ्य ऐन २०७४ लाई सम्झनु पर्छ ।

(ख) "अध्यक्ष" भन्नाले गाउँ कार्यपालिकाको अध्यक्षलाई सम्झनुपर्छ ।

(ग) "उपाध्यक्ष" भन्नाले गाउँ कार्यपालिकाको उपाध्यक्षलाई सम्झनुपर्छ ।

(घ) "वडा अध्यक्ष" भन्नाले गाउँ कार्यपालिकाको वडा अध्यक्षलाई सम्झनुपर्छ ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत लाई सम्झनुपर्छ

(च) "स्वास्थ्य शाखा प्रमुख" भन्नाले गाउँ कार्यपालिकाको स्वास्थ्य शाखा प्रमुखलाई सम्झनुपर्छ ।

(छ) "स्वास्थ्य विज्ञ" भन्नाले गाउँकार्यपालिकाले मनोनित गरेको स्वास्थ्य विज्ञलाई सम्झनुपर्छ ।

(ज) "गाउँ सभा" भन्नाले गाउँपालिकाको गाउँ सभालाई सम्झनुपर्छ ।

## परिच्छेद- दुई

### स्वास्थ्य र सरसफाई सम्बन्धि योजना निर्माण :

३. राष्ट्रिय तथा प्रादेशिक लक्ष र मापदण्ड बमोजिम र स्थानिय आवश्यक्तालाई मध्यनजर गरी स्थानिय तहको आधारभुत स्वास्थ्य सेवा सम्बन्धि लक्ष र मापदण्ड निर्धारण गर्न अल्पकालिन, मध्यकालिन र दिर्घकालीन योजना तर्जुमा गर्नुपर्ने ।

४. राष्ट्रिय तथा प्रादेशिक लक्ष्य र मापदण्ड अनुसार र स्थानीय परि स्थितिलाई मध्यनजर गरी स्थानीय तहको सरसफाई सेवा सम्बन्धि लक्ष्य र मापदण्ड निर्धारण गर्न अल्पकालिन, मध्यकालिन र दीर्घकालिन योजना तर्जुमा गर्नु पर्ने ।

५. स्वास्थ्य जीवन शैली, खोप, पोषण, शारीरिक व्यायाम, योग अभ्यास, स्वास्थ्य वृतको पालना, पञ्चकर्म लगायतका जनस्वास्थ्य सेवाको जनचेतना तथा प्रबर्द्धन, सर्ने तथा नसर्ने रोग सम्बन्धि जनचेतना, रोगको रोगथाम र पुनःस्थापना सेवा सम्बन्धी कार्यक्रम तर्जुमा गर्नुपन

## परिच्छेद ३

### स्वास्थ्य र सरसफाई सेवा प्रदान :

६. जनताको पहुचमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न बिभिन्न प्रकारका स्वास्थ्य संस्थाको स्थापना तथा संचालन गर्ने ।

७. नियमित रुपमा आधारभूत स्वास्थ्य सेवाहरु निशुल्क प्रदान गर्ने ।

८. जटिल प्रकृतिका रोगको उपचारको लागि रोगीको प्रेशण गर्ने सरल ब्यबस्था गर्ने, रोगको पहिचान गरी छुट अनुदान व्यवस्था ।

९. आर्थिक भारका कारणले उपचार हुनबाट बञ्चित हुन नदिन स्वास्थ्य बिमाको ब्यबस्था गर्ने ।

१०. जनतालाई स्वास्थ्य जीवनयापन गराउन स्वास्थ्य जीवन शैली, खोप, पोषण, शारीरिक व्यायाम, योग अभ्यास, स्वास्थ्य वृतको पालना, पञ्चकर्म लगायतका जनस्वास्थ्य सेवाको जनचेतना तथा प्रबर्द्धन गर्ने ।

११. समुदायमा आधारित रोगको रोकथाम र पुनःस्थापना सेवा संचालन गर्नुपर्नेछ ।

१२. जनस्वास्थ्य सूचना प्रणाली स्थापना गर्नु पर्नेछ ।

१३. रक्त संचार सेवा संचालन गर्न सकिनेछ ।

## परिच्छेद ४

### स्वास्थ्य संस्था स्थापना र संचालन

१४. जनसंख्याको आधारमा वडा भन्दा तल स्वास्थ्य प्रबर्द्धन केन्द्र संचालनको व्यबस्था मिलाउने ।

१५. सबै वडामा कम्तिमा एक स्वास्थ्य चौकि स्थापना गराउने ।

१६. जनसंख्याको आधारमा प्रत्येक गाँउपालिकामा कम्तिमा एक एकिकृत अस्पताल स्थापना गराउने ।

१७. एकिकृत स्वास्थ्य केन्द्र तथा अस्पतालमा आधुनिक चिकित्सा, आर्युर्वेद लगायत युनानी, आम्ची, होमियाप्याथिक, प्राकृतिक चिकित्सा लगायतका परम्परागत स्वास्थ्य उपचार सेवा प्रदान गर्ने व्यबस्था मिलाउने ।

१८. स्वास्थ्य संस्थाहरु व्यवस्थापनको लागि प्रति संस्था एक व्यवस्थापन समिति गठन गर्ने साथै सो समितिको कार्यलाई गाउँकार्यपालिकाले गठन गरेको स्वास्थ्य विभागले अनुगमन, मूल्याङ्कन र नियमन गर्ने ।

१९. प्रत्येक गाँउपालिकामा एक स्वास्थ्य शाखा स्थापना गर्ने जसले सम्पूर्ण स्वास्थ्य संस्थाहरुको लागि आबश्यक नीति निमार्णमा सहयोग, कार्यन्वयन र व्यवस्थापन गर्ने र शाखाको प्रमुखको रुपमा स्वास्थ्य संस्थाहरुमा कार्यरत बरिष्ठ कर्मचारीलाई खटाउने छ ।

२०. स्थानीय स्तरमा औषधिजन्य वनस्पति, जडीबुटी र अन्य औषधिजन्य वस्तुको उत्पादन, प्रशोधन र वितरण गर्ने ।

**स्वास्थ्य संस्थाहरु संचालनको लागि बजेटको व्यवस्थापन गर्ने ।**

२१. प्रत्येक स्वास्थ्य संस्थामा सूचना केन्द्रको स्थापना गरी सूचना अधिकृत तोक्ने ।

## परिच्छेद ५

### स्वास्थ्यसंस्थाको भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन

२२. स्वास्थ्य संस्थाहरु संचालनको लागि जग्गा व्यवस्थापन गरी न्यूनतम भौतिक पूर्वाधार निमार्ण र व्यवस्थापन गर्ने ।

२३. एम्बुलेन्स खरीद, संचालन र व्यवस्थापन गर्ने ।

२४. रक्त संचार सेवा संचालन गर्न आवश्यक भौतिक पूर्वाधार निमार्ण र व्यवस्थापन गर्ने ।

## परिच्छेद–६

## स्वास्थ्य जनशक्ति उत्पादन, नियुक्ति, सरुवा, बढुवा, पुरस्कार, कार्बाही तथा पद मुक्त र स्वयंसेवकको व्यबस्था

२५. स्वास्थ्य संस्थाहरुलाई आबश्यक डाक्टर तथा स्वास्थ्यकर्मीको उत्पादन गर्न बिभिन्न निकायसंग समन्वय गर्ने ।

२६. पाठ्यक्रम बिकास गरी छोटो अबधिको तालिम संचालन गरेर जनशक्ति उत्पादन गर्ने ।

२७.१.स्वास्थ्य संस्थाहरुमा आबश्यक डाक्टर तथा स्वास्थ्यकर्मीको दरवन्दी तोक्ने, योग्यता निर्धारण गर्ने, नियुक्ति, सरुवा, बढुवा, तालिम, वृद्धि विकास गर्न देहाय बमोजिमको छनौट समिति गठन गरिने छ ।

क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

ख) स्वास्थ्य विभागको प्रमुख - सदस्य

ग)छनौट समितिले मनोनयन गरेका एक जना स्वास्थ्य विज्ञ -सदस्य

घ) स्वास्थ्य शाखाको प्रमुख - सदस्य सचिव

२. उपदफा (१) बमोजिम गठित समितिले स्वास्थ्य क्षेत्रमा कार्यरत कर्मचारीहरुको सरुवा, राम्रो काम गर्नेलाई प्रोत्सान समेत गर्न सक्नेछ ।

**२८. सरुवा :**

(क) गाउँपालिकाले कर्मचारीको दरबन्दी अनुसार आफ्नो क्षेत्र भित्र तपसिलको मापदण्डको आधारमा सरुवा गर्न सक्नेछ। सरुवाको अधिकार प्रमुख प्राशासकीय अधिकृतमा निहित रहनेछ ।

(क) आवश्यकताको आधारमा

(ख) जिम्मेवारी प्रति उत्तरदायी नभएमा

(ग) सन्तोषजनक सेवा प्रवाह नभएमा

(घ) कार्यालयमा अनियमितता भएमा ।

**२९. वढुवा :**

(क) स्थायीको हकमा तोकिएको शैक्षिक योग्यता पुरा भई कार्यरत पदमा ८ बर्ष सेवा गरेको अवस्थामा १ तह बढुवा हुनेछ। तर करारको हकमा वढुवा हुने छैन ।

(ख) लगातार ५ बर्षको गणनामा ९० प्रतिशत भन्दा बढी का.स.मु. को नम्बर प्राप्त गर्ने कर्मचारीलाई ६ बर्ष पुगेपछि एक तह बढुवा गर्न सकिनेछ ।

**३० पुरस्कार :**

सेवा तथा कार्यलयको काममा खटिरहने कर्मचारी, सेवा ग्राहिलाई राम्रो संग सेवा प्रदान गर्ने, अनुशासनको पालना गर्ने, आर्थिक पारदशि, कार्यलय व्यवस्थापनमा राम्रो काम गर्ने कर्मचारीलाई पुरस्कारको व्यावस्था गरिनेछ ।

**३१. कार्यसम्पादन मुल्याङ्कनः**

स्थानीय सेवामा कार्यरत कर्मचारीहरुको नियमित कार्यसम्पादन मुल्याङ्कन गर्नुपर्नेछ ।

(क) कर्मचारीको बार्षिक कार्यसम्पादन मूल्याङ्कन वर्षमा १ पटक गरी तोकियको निकायहरुमा त्यसको अभिलेख गर्नुपर्नेछ । कार्य सम्पादनको मुल्याङ्कन गर्न तोकिय बमोजिमको कार्यसम्पादन मुल्याङ्कन फारम प्रयोग गरिनेछ ।

(ख) कार्यसम्पादन मुल्याङ्कनको कुल अंकको विभाजन देहाय बमोजिम हुनेछ ।

क) सुपरिबेक्षकले दिन सक्ने अधिकतम - ६० प्रतिशत

ख) पुनरावलोकन कर्ताले दिन सक्ने अधिकतम -२५ प्रतिशत

ग) पुनरावलोकन समितिले दिन सक्ने अधिकतम - १५ प्रतिशत

(ग) सुपरिबेक्षक, पुनरावलोकनकर्ता, पुनरावलोकन समितिले स्थानीय सेवाका कर्मचारीहरुको कार्यसम्पादन बापत अंक दिदा यस दफा र कार्यसम्पादन मुल्याङ्कन फारममा उल्लेखित आधार अनुसार दिनु पर्नेछ ।

(घ) अघिल्लो बर्षको कार्य सम्पादन मुल्याङ्कन नयाँ आर्थिक बर्षको पहिलो महिनामा गरिसक्नु पर्नेछ ।

(ङ) करारको हकमा कार्यसम्पादन मुल्याङ्कनमा बार्षिक ८० प्रतिशत अंक ल्याउने कर्मचारीका लागि तलब स्केलको १५ प्रतिशत सम्म प्रोत्साहन भत्ता दिन सकिनेछ ।

**३२.विदाः**

१. बर्ष भरि विरामि बिदा १२ दिन, पर्व विदा ६ दिन, भैपरि आउने विदा ६ दिन, घर विदा ३० दिन, सुत्केरी ६० दिन र  क्रिया विदा १५ दिन को व्यावस्था गरिनेछ ।

(२) स्वास्थ्य सेवामा कार्यरत कर्मचारीहरुलाई बांकि विदाको सुविधा संघिय कानुन, प्रदेश कानुनले व्यवस्था गरेअनुसारको विदाको सेवा सुविधामा कुनै असर पर्ने छैन ।

**३३**. स्वास्थ्य सेवालाई पहुँचमा पुऱ्याउन र जनचेतना फैलाउन बिभिन्न प्रकारका स्वयंसेवकहरुको व्यवस्था गर्ने ।

**३४. कार्वाही तथा पदमुक्त गर्न सक्ने व्यावस्था :**

**(क) नसियत दिन सकिने**

१. विना कारण जानकारी नदिई लगातार वा पटक पटक गरि महिनामा पन्ध्र दिन कार्यालयमा अनुपस्थित भएमा ।

२. प्रचलित कानुन उल्लङ्घन गरेमा ।

३. कार्यालय प्रमुखको मातहतमा नरहेमा ।

४. काम काज प्रति उत्तरदायी नभएमा ।

५. आफ्नो जिम्मा पुरा नगरेमा ।

६. सेवा ग्राहीको गुनासो प्रति वेवास्ता गरेमा ।

७. स्वास्थ्यका कर्मचारी सम्बन्धी बनेका ऐन कानुन बमोजिम काम नगरी ऐन कानुन विपरित काम गरेमा

**(ख) पदबाट मुक्त गर्न सक्ने व्यावस्था :**

१. कार्यालय प्रमुखको माताहतमा नरहेमा ।

२. कार्यालय सम्बन्धी गोप्य राख्नु पर्ने कागजात कुनै प्रेस, अनाकुल व्याक्ति गैर सरकारी संघ संस्था अन्य व्याक्तिलाई दिएको प्रमाणित भएमा ।

३. कार्यालयमा बारम्बार मदिरा सेवन गरि उपस्थित भएमा ।

४. विना सुचना १५ दिन सम्म कार्यालयमा उपस्थित नभएमा ।

५. सुधार गर्नका लागि बारम्बार लिखित चेतावनि दिदा पनि सुधार नगरि सार्वजानीक सेवा प्रवाहमा असर पर्ने देखिएमा ।

६. कुनै राजनितिक दलको सम्बन्धि सदस्यता लिएको प्रमाणित भएमा ।

७. नैतिक पतन देखिने फौजदारी अभियोग कुनै अदालत बाट प्रमाणित भएमा ।

८. करार कर्मचारीको हकमा करार सम्झौतामा उल्लेख भएका सर्तहरुमा बारम्बार उल्लङ्घन गरेमा ।

९. सेवा ग्राहीको गुनासो बारम्बार वेवास्ता गरेको जनगुनासो आई सो प्रमाणित भएमा ।

१०. बारम्बार लिखित जफाब तथा स्पस्टिकरण माग्दा त्यसको व्यवास्था गरेमा ।

(ग) दफा ३४ को उपदफा क र ख मा जेसुकै कुरा लेखिएको भएता पनि नसियत तथा पद मुक्त गर्नु अगाडि मौखिक तथा लिखित सफाई तथा स्पष्टीकरणको मौका बाट बञ्चित गरिने छैन ।

## परिच्छेद-७

### औषधी तथा उपकरणको उत्पादन, खरिद, भण्डारण र वितरण

३५. औषधी तथा स्वास्थ्य उपकरणको स्थानीय स्तरमा प्रशोधन र उत्पादन गर्न प्रोत्साहन गर्ने ।

३६. औषधी तथा स्वास्थ्य उपकरणको खरिद ऐन बनाई खरिद गर्ने ।

३७. खरिद गरिएको औषधी तथा स्वास्थ्य उपकरणको भण्डारण र वितरण सम्बन्धी व्यवस्था गर्ने ।

३८. आधारभूत स्वास्थ्य सेवा बाहेकका औषधिको सुफत मुल्यमा बिक्री बितरण गर्ने व्यवस्था मिलाउने ।

## परिच्छेद-८

### प्राईभेट स्तरमा मेडिकल कलेज तथा स्वास्थ्य अध्ययन संस्थान, अस्पताल, स्वास्थ्य क्लिनिक, औषधि पसल र सरसफाई गर्ने संस्था संचालन गर्न सिफारिस, स्विकृति र नियमन

३९. राष्ट्रिय र प्रादेशिक मापदण्ड अनुरुप प्राईभेट स्तरमा मेडिकल कलेज तथा स्वास्थ्य अध्ययन संस्थान, अस्पताल र निदानकेन्द्र संचालन पूर्व सिफारिस, लिनुपर्ने ब्यबस्था गर्ने ।

४०. स्वास्थ्य क्लिनिक र औषधि पसल संचालन पूर्व स्वीकृति लिनु पर्ने ब्यबस्था गर्ने ।

४१. गाँउपालिका क्षेत्रमा संचालित स्वास्थ्य सेवा प्रदायक संस्थाको नियमित अनुगमन तथा नियमन सम्बन्धी व्यवस्था गर्ने ।

४२. स्थानीय स्तरमा औषधि तथा अन्य मेडिकल उत्पादन र स्वास्थ्य सेवाहरुको न्यूनतम मूल्य निर्धारण तथा नियमनगर्ने ।

४३. गाँउपालिका क्षेत्रभित्र निजी संस्थालाई सरसफाई गर्ने कार्य गर्न अनुमति दिने र नियमन गर्ने ।

## परिच्छेद-९

### सामाजिक सुरक्षा कार्यक्रम संचालन तथा व्यवस्थापन

४४. राष्ट्रिय र प्रादेशिक नीति अनुसार स्वास्थ्य वीमा कार्यक्रम संचालन तथा व्यवस्थापन गर्ने ।

४५. आवश्यकता अनुसार अन्य सामाजिक सुरक्षा कार्यक्रमहरु निमाण गरी संचालन तथा व्यवस्थापन गर्ने ।

## परिच्छेद–१०

### अनुगमन तथा नियमन

४६. स्वास्थ्य खानेपानी र खाद्यपदार्थको गुणस्तर एवं वायु तथा ध्वनी प्रदुषण नियन्त्रण गर्न संयन्त्रको गठन र सोको काम, कर्तव्य र अधिकारको ब्यबस्था गर्ने ।

४७. दण्ड, जरिवाना तथा अन्य कारवाही सम्बन्धी व्यवस्था गर्ने ।

## परिच्छेद–११

### सरसफाइसम्बन्धि  कार्यक्रम तथा फोहोर मैला व्यवस्थापन

४८. सरसफाई  सम्बन्धि जनचेतना संचालन गर्ने ।

४९. घर निमार्ण गर्दा फोहर बिसर्जन गर्ने स्थान बिकास गर्न प्रोत्साहन गर्ने ।

५०. सामुहिक फोहर बिसर्जन गर्ने स्थान बिकास गर्न सहयोग गर्ने ।

५१. साना तथा ठूला फोहर बिसर्जन केन्द्र स्थापना र संचालन गर्नु ।

५२. स्वास्थ्य जन्य फोहोरमैला संकलन, पुर्नउपयोग, प्रशोधन, विसर्जन, सेवा शुल्क निर्धारण र नियमन गर्ने ।

५३. सरसफाई तथा स्वास्थ्य क्षेत्रबाट निष्कासित फोहोरमैला व्यवस्थापनमा निजी तथा गैर सरकारी क्षेत्रसँग समन्वय, सहकार्य र साझेदारी गर्ने ।

## परिच्छेद–१२

### रोगरोकथाम तथा नियन्त्रण सम्बन्धी व्यवस्था

५४. स्थानीय स्तरमा सरुवा रोकथाम तथा नियन्त्रण गर्ने ।

५५. नसर्ने रोग न्यूनिकरण गर्ने उपायहरु कार्यान्वयन गर्ने ।

५६. स्थानीय स्तरमा जनस्वास्थ्य आपतकालीन स्वास्थ्य, महामारी नियन्त्रण योजना र कार्यान्वयन गर्ने ।

५७. आकस्मिक स्वास्थ्य सेवा प्रवाह गर्ने ।

५८. जुनोटिक र कीटजन्य रोग नियन्त्रण तथा व्यवस्थापन गर्ने ।

५९. स्थानीय स्तरको प्रबर्द्धनात्मक र प्रतिकारात्मक, उपचारात्मक, पुर्नस्थानात्मक र प्यालिएटिभ स्वास्थ्य सेवा संचालन

६०. स्थानीयस्तरमा औषधीको उचितप्रयोग र सूक्ष्म जीवनिरोधक प्रतिरोध (Antimicrobial Resistance) न्यूनिकरण गर्ने ।

६१. सुर्ती, मदिरा र लागु पदार्थजन्य वस्तुको प्रयोग नियन्त्रण तथा सचेतना अभिवृद्धि गर्ने ।

## परिच्छेद–१३
## विविध

६२. स्वास्थ्य सेवा सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय मापदण्ड पुरा गर्न संघीय तथाप्रदेश सरकारले संचालन गरेको अभियानमा सहयोग गर्ने ।

६३. धामिझाँक्री र आम्ची सेवालाई समय अनुकुल सचेतना जनचेतना अभियान चलाई सोको अभिलेख र अनुगमन गर्ने ।

६४. सरुवा रोगको समयमा सरुवा रोग लागेका ठाउँका विद्यालय बन्द गर्न सकिने ।

६५. प्रगति विवरण मासिक रुपमा बुझाउनु पर्नेः, स्वास्थ्य संस्थाहरुले आफुले गरेको प्रगति प्रतिवेदन मासिक रुपमा गाउँपालिकाको कार्यलयमा बुझाउनु पर्नेछ ।

६६. नियम बनाउने अधिकारः यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक नियम, निर्देशिका वा कार्यविधि बनाउन सक्नेछ ।

६७. बाधा अड्काउ फुकाउने अधिकारः यस ऐन, कार्यन्वयन गर्न कुनै बाधा अड्काउ परेमा गाउँपालिकाबाट निर्णय गराई उक्त बाधा अड्काउ फुकाउन सकिनेछ ।

६८. महिला स्वास्थ्य स्वयं सेविकाको कार्यक्रमलाई प्रोत्साहन गरिने छ । उमेर ६० बर्ष पुगेमा सम्मान सहित बिदाई गर्न सकिने छ ।

६९. महिला स्वास्थ्य स्वयं सेविकाको कोषलाई निरन्तरता दिईने छ ।

आज्ञाले
धर्मेन्द्र शाह
निमित्त प्रमुख प्रशासकीय अधिकृत
नरहरिनाथ गाउँपालिकाको कार्यालय
कुमालगाउँ, कालीकोट

मुद्रित मूल्य रू.१०।-